केराबारी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
केराबारी, मोरङ
कोशी प्रदेश, नेपाल

सूचना नम्वरः-

मितिः २०८०।०४।१०

## नदीजन्य पदार्थ अवैध चोरी-निकासी दण्ड जरिवाना सम्वन्धी
## सूचना

कोशी प्रदेशको आर्थिक ऐन २०८० को दफा ७ को उपदफा ५ मा आर्थिक वर्ष २०८०।०८१ मा ढुंगा, गिटी, ग्राभेल, रोडा वालुवा, चिप्स, चुनढुंगा, अभ्रख, खरिढुंगा, चट्टान स्लेट माटो, वलोट, भरौट र दहत्तर बहत्तर उत्खनन संकलन प्रशोधन र विक्री वितरणको कार्यको नियमन गर्दा प्रचलित कानून उलंघन गरेको पाइएमा अनुसूची-१० वमोजिम देहायको जरिवाना लगाइने र असुल गरिने भन्ने व्यवस्था रहेको व्यहोरा सम्वन्धित सवैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

| क्र.स. | कसुरको किसिम | दण्ड जरिवाना (रु.) |
|---|---|---|
| १ | क. विना अनुमति मेशिनरी औजार प्रयोग गरी उत्खनन वा संकलन गरेको पाइएमा, वा<br>ख. तोकिएको भन्दा वढी गहिराइमा उतेखनन गरेमा वा<br>ग. नदीको वहाव परिवर्तन गरी उत्खनन गरेमा (प्रति मेशिन वा साधन), वा<br>घ. निषेधित क्षेत्रमा उत्खनन वा संकलन गरेमा, वा<br>ङ. नदीजन्य पदार्थ वा प्राकृतिक स्रोतको नियम विपरित उत्खनन, निकासी वा विक्री गरेमा, वा<br>च. विहान ६ वजे अघि र वेलुकी ६ वजे पश्चात उत्खनन वा संकलन गरेमा | १ लाख जरिवाना, उत्खनन वा संकलन गरिएको सामाग्री जफत र तोकिएको विक्री शुल्कको दोव्वर शुल्क असुल गरिने |
| २ | नदीको वहाव वा पानी वगेको क्षेत्रमा प्रवेश गरी उत्खनन वा संकलन गरेमा (प्रति मेशिन वा साधनको) | |
| | क. मेशिन स्काभेटर, व्याक हो लोडर | २ लाख |
| | ख. ट्रिपर वा ट्रक | १ लाख |
| | ग. मिनि ट्रक | ७५ हजार |
| | घ. ट्याक्टर | ५० हजार |
| ३ | तोकिएको भन्दा वढी संख्यामा मेशिन प्रयोग गरेमा(प्रति मेशिन) | ५० हजार |
| ४. | राजमार्ग र मुख्य सडकको अधिकार क्षेत्रमा संकलन वा सञ्चय (भण्डारण) गरेमा | ५० हजार |
| ५. | क्र.सं. २ देखि ४ सम्मको कसुर पुनः दोहो-याएमा | तोकिएको जरिवानाको दोव्वर दण्ड जरिवाना । |

ई-मेल:kerabariruralmun@gmail.com, वेभसाइट:www.kerabarimun.gov.np, फोननं. ०२१-४०३११०

सूचना नम्वरः-

| | | |
|---|---|---|
| ६. | पानी, हिलो, धुलो, वा गिटी चुहाउदै उडाउँदै वा झार्दै नदिजन्य सामाग्रीको ढुवानि गरेमा वा प्रत्येक पटकको ढुवानिमा साजस्व तिरेको निष्सा वा भ्याट विल र चलान पुर्जा साथमा रहेको नभेटिएमा,उत्खनन, विक्रि वा ढुवानी अभिलेख नराखेमा, उत्खनन् स्थलमा सुचना पाटी नराखेमा । | ५ हजार ।– प्रतिपटक, पटकेमा दोब्बर,तेब्बर हुँदै जाने । |
| ७. | निजि जग्गाको अप्रशोधित सामाग्रीको ढुवानिको हकमा स्थानिय तहले जारी गरेको उत्खनन् अनुमति पत्र प्रत्येक पटकको चलान पुर्जा र राजश्व तिरेको निश्सा साथमा नभेटिएमा वा प्रचलित कानुनको अनुमति दिएको क्षमता भन्दा बढि ढुवानि गरेमा वा रुट तोकिएको भए तोकिएको बाहेकको रुट समय गति वा संख्यमा ढुवानि गरेमा वा खानिजन्य पदार्थको ढुवानि गर्दा प्रत्यक पटकको ढुवानिमा खानि संचालक वा खानिजन्य उधोगको चलान पुर्जा विना ढुवानि गरेमा वा तोकिएको रुटभन्दा अन्यत्रवाट उत्खनन् गरेको पदार्थ ढुवानी गरेमा, | १५ हजार।– प्रतिपटक ,पटकेमा दोब्बर ,तेब्बर हुँदै जाने । |
| ८. | जिल्ला अनुगमन समितिले मौजाद प्रमाणित गर्दा खरिद बिक्री परिमाण हिसाब मिलान नभएर कैफियत देखिएमा सो वरावरको परिमाणमा जिरिवाना | २५ रुपैया प्रति घनफिट । |
| ९ | क. नदीजन्य प्राकृतिक स्रोत साधन प्रशोधन गर्ने उद्योगले प्रचलित कानून वा मापदण्ड विपरित क्रसिङ, वासिङ वा अन्य प्रशोधनं कार्य गरेमा वा सो कार्य गर्ने उद्योग सञ्चालन गरेमा(वार्षिक दण्ड जरिवाना), वा<br>ख. कुनै निकायमा दर्ता नभई नदीजन्य प्राकृतिक श्रोत प्रशोधन उद्योग सञ्चालन गरेमा वार्षिक दण्ड जरिवाना (सूरु मितिदेखि गणना हुने गरी हालसम्म), वा<br>ग. कम्पनी रजिष्ट्रारको कार्यालयमा उद्योग दर्ता गरेतापनि सम्वन्धित निकायवाट इजाजत नदिइ नदीजन्य प्राकृतिक स्रोत प्रशोधन उद्योग सञ्चालन गरेमा वार्षिक दण्ड जरिवाना सूरु मितिदेखि गणना हुने गरी हालसम्म), वा<br>घ. कम्पनी दर्ता गरी, इजाजत लिई प्रशोधन उद्योग सञ्चालन गरेतापनि सम्वन्धित निकायवाट इजाजत नवीकरण नगरी उद्योग व्यवसाय सञ्चालन गरेमा वार्षिक दण्ड जरिवाना (इजाजत नवीकरण नभएको वर्षदेखि गणना हुनेगरी) | ठूला उद्योग १ लाख<br>मझौला उद्योग ७५ हजार<br>साना उद्योग ५० हजार |
| १० | यस अनुसची वमोजिमको कसूर मानिने कार्य गरेको सुराकी दिनेलाई जरिवाना वापत प्राप्त रकमको दश प्रतिशत पुरस्कार स्वरुप दिइनेछ । साथै कसुर कार्य गर्नेलाई पक्राउ गरी, गराई वुझाउने व्यक्ति वा संस्थालाई जरिवानावाट प्राप्त रकमको पच्चीस प्रतिशत रकम पुरस्कार स्वरुप दिइनेछ । | |

**नोट-** यस अघि नियन्त्रण गर्ने व्यक्ति समूहलाई जरिवाना वापतको चालिस प्रतिशत रकम पुरस्कार स्वरुप उपलव्ध गराउने भन्ने यस कार्यालयको निर्णयअनुसारको व्यवस्था अवउप्रान्त यसै सूचनाको क्र.स. १० वमोजिम मात्र हुने ।